सम्वृद्ध प्रदेशका लागि युवा स्वरोजगारः संम्भावना र चुनौति

आज विश्व यसरी दौडिरहेको छ कि अब सम्वृद्धि निकै नजिक छ । राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्रोत साधन, पुजी, बौद्धिकता सबै सम्वृद्धि प्राप्तिका खातिर उपयोग भइरहेका छन् । हरेक व्यक्ति, समुदाय अनि राष्ट्रको एक मात्र अभिलास सम्वृद्धि प्राप्ति हो । सम्वृद्धि प्राप्तिका लागि मानव जातिले इतिहासको विभिन्न चरणमा थुप्रै द्वन्द, वैभनुष्यता, कटुता भोक्दै आइरहेका छन् । विभिन्न आरोह, अवरोहका विच जिवहरुको सर्वोत्कृष्ट जाति मानवले गरेका उपलब्धीहरु सम्झन लाएक छन् । मानिसका इच्छा, चाहना, आकांक्षाको तिव्रतरका कारण मानिसहरुले विभिन्न चरणमा थुप्रै प्रयोगहरु गरिरहेका छन् । यसै अनुरुप विकेन्द्रीकरण शासन प्रणाली पनि एक हो । विश्वका थुप्रै मुलुकहरुले गरे जस्तै हाम्रो देश नेपालले पनि करिब २४० वर्ष जतिको एकात्मक शासन प्रणालीलाई भत्काएर नयाँ संघीय गणतन्त्रात्मक शासन प्रणाली अगालेको छ । यसै अनुरुप राज्यलाई सात (७) प्रदेशमा विभाजन गरिको छ । यसको मुख्य उद्देश्य जनताको जिवन स्तर उकास्नु र सम्वृद्धि प्राप्त गर्नु नै हो । सम्वृद्धि कुनै जादुमय उपलब्धी पनि होइन । यसमा विभिन्न चरणका साथै थुप्रै अभयवहरुको भुमिका रहन्छ जसमध्ये महत्वपुर्ण योगदान गर्न सक्ने कुरा मध्य युवा स्वरोजगार पनि एक हो । सम्वृद्धि आर्थिक उन्नति वेगर कल्पना पनि गर्न सकिदैन । कुनै पनि व्यक्तिको आर्थिक हैसियत उकास्नको लागि उद्यमशिलता जरुरी हुन्छ । प्रत्येक व्यक्तिमा अझ विशेष गरी युवाहरुमा उद्यमशिलताका भावना भएमा राष्ट्रले छिटै सम्वृद्धि तर्फको फड्को मारेका विभिन्न विकसित राष्ट्रका उदाहरण बाट प्रमाणित हुन्छ । वाउवाजेले जिविकोपार्जनको लागि अगालेको पेशा, व्यवसायको निरन्तरता केवल जिविकोपार्जनको लागि हो यसले युवा स्वरोजगार दिदैन् । आधुनिक सुचना प्रविधि, लगानि र बजारको आवश्यकता अनुरुपको सेवा तथा वस्तुहरुको उत्पादन नै युवा स्वरोजगार हो । मानिसको जिवनकालको अत्यन्तै उर्जाशिल समय युवा अवस्था हो । जुन वेला बाट व्यक्तिले अर्थ पार्जन गर्नुको साथै समाज, राष्ट्र र विश्वसमुदायका साथै मानवजातिको जिवन रक्षाको लागि महत्वपुर्ण योगदान पुऱ्याउदछ । युवा स्वरोजगार हरेक व्यक्ति, राजनितिकदल, प्रशानिक निकाय, साथै राज्यले यसका बारे कुरा गरे पनि खासै व्यवहारीक उपलब्धी देखिदैन । हाम्रो जस्तो विकासोन्मुख देशको अधिकांस युवाहरुको वैदेशिक रोजगारी एक निर्मम वाध्यता हो । युवा स्वरोजगार यस्को निविकल्प हो । युवा स्वरोजगारले नै स्वयम व्यक्ति परिवार समाज हुदै प्रदेशको सम्वृद्धिको ढोका खोल्न सक्दछ । यसमा देखा परेका र पर्न सक्ने चुनौतिहरुको व्यक्ति, समुदाय, स्थानिय निकाय, प्रदेश तथा राज्यले यथोचित सम्बोदन गर्न सकेमा 'खुशी जनता सम्वृद्ध प्रदेश' जस्ता नारा यर्थात धरातलमा सावित हुन सक्नेछन् ।

मानिसको नविनता प्रति अभिरुचि, इच्छा, आकांक्षाको पुर्तिसँगै नयाँ वस्तुहरुको उत्पादन निरन्तर रहन्छ । व्यक्तिले जिवननिर्वाहका लागि केही न केही गर्नै पर्छ । तर उच्चतम सोच र समाजमा फरक जिवन शैली विताउनका साथै समाजका उत्थानका निमित्त युवा स्वरोजगार महत्वपुर्ण हुन जान्छ । हरेक युवा तप्कामा भिन्न सोच, धारणा, तौर, तरिका हुने भएकाले उचित वातावतरण मिलाउन सकेमा युवाहरुलाई स्वरोजगारी वनाउन सकिन्छ । आजको समयमा विश्वलाई एकाघरका रुपमा हेरिनथालेका छ । विज्ञान प्रविधिको तिव्रत्तर विकास, सुचनाको आदानप्रदान, पुजीँको परिचालन, उदार अर्थनितिको अबलम्वनले गर्दा वस्तु तथा सेवाको विश्वव्यापिकरण मौलाउदै गएको छ । यसलाई युवा स्वरोजगारको गतिलो धरातलको रुपमा लिन सकिन्छ । अझै मानिसहरुको विलासी जिवनशैली, वस्तु तथा सेवाहरुको प्रयोग गर्ने शैलीले विभिन्न रोजगारीको अवसरहरु खोलिदिएको छ । आजको २१ औं सताब्दीका बहुसङ्ख्यक युवाहरुको शैक्षिक उन्नति स्वागतयोग्य छ । यसका कारण सैद्धान्तिक तवरबाट युवाहरुलाई सक्षम र अब्बल मान्न सकिन्छ र यिनीहरुको बौद्धिक्ताको उच्चतम उपयोग गर्न सके समाजका साथै प्रदेशको सम्वृद्धिको महत्वपूर्ण खम्वा बनाउन सकिने कुरा करिव-करिव निश्चित छ । आजका युवाहरुलाई प्रदेशले गर्ने हरेक किसिमका कार्यक्रमहरुमा सक्रियताका साथ आफ्नो ज्ञान, सिप प्रयोग गर्ने सक्ने वातावरण निर्माण गर्नुपर्छ । हाम्रो प्रदेशबाट प्रधान गरिने रोजगारिका अवसरहरु अत्यन्तै न्युन छन् । राज्यको प्रशासकिय, सुरक्षा, कर्मचारीले निरन्तर उत्पादित युवाजनक जनशक्तिको परिचालन गर्न सकिराखेको छैन । तसर्थ यसको उर्चित व्यवस्थापन नै युवा स्वरोजगार हो । हरेक युवामा स्वरोजगारीको भावना ल्याउन प्रदेशले महत्वपूर्ण भुमिका खेल्न सक्छ । यो कार्य प्रदेशको सम्वृद्धि सार्थक पार्ने महत्वपूर्ण कडी हो । अहिले अधिकाशं युवाहरु वैदेशीक रोजगारीमा लालाहित छन् । तर पनि यो अर्थोपार्जनको दिर्घकालिन समाधान होइन । यसको विकल्प भनेको युवा स्वरोजगार नै हो । जसले निरन्तर उपलब्धी दिनुको साथै व्यक्तिको स्तरउन्नति गराउछ । जसबाट प्रदेशले सम्वृद्धि हासिल गर्न सक्दछ । त्यसैले प्रदेशले पनि यी सम्भावना बुझेर यी स्वरोजगारलाई प्राथमिकतामा राखी युवाहरुलाई स्वरोजगारी बनाई दिर्घकालिन समाधान निकाल्नु अपरीहार्य देखिन्छ । । हाम्रो प्रदेशमा युवा स्वरोजगारीमा अविलम्व गर्न सकिने केही उदाहरणीय स्वरोजगारमुखी व्यवसायहरु यसप्रकार छन् । जस्तै (पशुपालन, आधुनिक कृषि, पर्यटन व्यवसाय, मेसिननरी कार्यशाला, स्थानिय मदिराको वैज्ञानिक तवरबाट उत्पादन गरी देश-विदेशमा विक्री वितरण) ।

चुनौति

युवा स्वरोजगारीमा युवाहरु केही मात्रमा आए पनि विभिन्न कारणका बाबजुत टिक्न सकिरहेको छैनन् । हाम्रो समाजमा युवा उद्यमशिलतालाई प्रोत्साहन गर्नुको सट्टा हेअ दृष्टिले हेर्ने गरेको पाइछ । समाजले कामहरुको वर्गिकरणको रुपमा राख्ने गरेको देखिन्छ । जस्तै जात विशेष काम, लिङ्ग विशेष, भुगोल विशेष, धर्म विशेष आदि इत्यादिका रुपमा लिने गर्नाले पनि भारी मात्रमा युवाहरु उद्यमशिलताबाट बञ्चित भएको पाइन्छ । विश्वबजार सँग स्थानिय उत्पादनका वस्तुहरुले टक्कर गर्न नसक्नु पनि युवा स्वरोजगारीको महत्वपूर्ण चुनौति हो । यसका लागि राज्य संयन्त्रबाट उत्पादित वस्तुको बजारीकरणको लागि व्यवस्था गरिनु पर्ने देखिन्छ । मानिसहरुको जागिर गरी जिविकापार्जन गर्ने र श्रोतविहिन आम्दानीबाट विलासि जिवनशैली अगाल्ने परिपाठीकले गर्दा युवा स्वरोजगारी प्रति आम युवाहरुको निराशा पाइन्छ । कतिपय युवाहरुले स्वरोजगार अगाले पनि यसको थाइत्व भएको पाइदैन किनकि हाम्रो जस्तो प्रदेशमा सरकारी तवरबाट (सम्बन्धी निकायबाट) स्वरोजगारको (युवा उद्यमशिलताको) संरक्षण गराएको करिव-करिव पाइदैन । युवा स्वरोजगारलाई समाजीक सुरक्षा नहुनु तथा गरेको लगानी सुनिश्चितता (विमा) को जिम्मा प्रदेशले नलिनु युवा स्वरोजगारको मुख्य चुनौति मध्यको एक मान्न सकिन्छ । युवा जनमानसमा अत्यन्त महत्वकाक्षा हुनु, विलासि जिवनशैली प्रति मोहित हुनु, हरेक काम प्रति समान दृष्टिकोण गराउन नसक्नु, कामलाई सानो वा ठूलो भनि वर्गीकरण गर्नु, काम प्रति सम्मान गर्ने वानीको विकास नहुनु, युवा उद्यमशिलतालाई समाजले अपवादवाहेक सकारात्मक दृष्टिले नहेर्नु, युवा स्वरोजगार प्रति समाजको सोच हुनु पर्ने भन्दा अत्यन्तै कम हुनु, युवा स्वरोजगारका गतिला चुनौतिहरु हुन् ।

अत्यमा चुनौतिहरुको समाना गर्दै सम्भावनाका बाटोमा दृढ इच्छाशक्तिका साथ प्रदेश सरकार, युवाहरु, आमजनसमुदाय, स्थानिय वुद्धिजिवी, व्यवसायी सबै मिली वैज्ञानी ढङ्गबाट विज्ञान प्रविधिको समुचित पयोग गरि एक साथ लाग्ने हो भने युवा स्वरोजगारी सार्थक हुने निश्चित छ । र यही कार्यलाई सम्वृद्ध प्रदेशको मेरुदण्डको रुपमा लिन सकिन्छ ।

प्रेशक
शिव प्रसाद अधिकारी
स्थायी ठेगानाः पर्वत जिल्ला, महाशिला गाउँपालिका, वडा नं. ५ लुङखुदेउराली, टोल चनौटे
अस्थायी ठेगानाः कास्कि जिल्ला पोखरा म.न.पा. वडा नं. ५ मालेपाटन
फोन नं. : ९८४६२७९१५३
इमेल नं. : shivaadhikari083@gmail.com